प.सं. /०८०/०८१
च.नं. १६८८

मिति: २०८१।०३।०६

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएनआई मार्ग, भद्रकाली
काठमाण्डौ ।

विषय :- <u>वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज कार्य वन्द (**Book Close**) सम्वन्धमा ।</u>

महाशय,

उपरोक्त सम्वन्धमा यस वैंकको संचालक समितिको मिति २०८१।०३।०६ गते बेलुका ५.३० बजे वसेको ३०७ औं वैठकवाट निर्णय भए वमोजिम यस वैंकको अठारौ वार्षिक साधारण सभा तथा सो प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा देहाय वमोजिम निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१) साधारण सभा बस्ने मिति,स्थान र समय :

मिति : २०८१ साल असार २९ गते शनिवार (तदनुसार जुलाई १३, २०२४)
स्थान : सिद्धार्थ होटल, विर्तामोड, झापा
समय : विहान ११:०० वजे ।

२) छलफलका विषयहरु :

<u>सभाको निर्धारित विषयसूची :</u>

(क) सामान्य प्रस्ताव :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट प्रस्तुत हुने आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।
३. वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री पि.वि.के.पि. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् प्रकाश के.सी.पुनः नियुक्तिको लागि योग्य हुनुहुन्न ।)
४. सन्चालकहरुको नियुक्ति अनुमोदन एवं जानकारी सम्वन्धमा ।

(ख) विशेष प्रस्ताव :

१ .यस वैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) प्रयोजनको लागि सत्रौ वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त वैंक तथा वित्तिय सस्थासंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्वन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याकनकर्ताको नियुक्ती गर्न, निजको पारिश्रमीक निर्धारण गर्न, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्न, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका Merger तथा Acquisition सम्बन्धी आवश्यक सम्पूर्ण कार्य/प्रकृया अघि वढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।
२. गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रकिया लगायत अन्य आवश्यक विषयका लागि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

कम्पनी सचिव

३) शेयर दाखिल खारेज मिति **(Book Close Date)**: २०८१ असार १७ गतेदेखि २०८१ असार २९ गतेसम्म । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८१।०३।१६ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिन योग्य हुनुहुन्छ ।

भवदीय,

२०८१/०३/०५

श्याम बहादुर बोहोरा
कम्पनी सचिव

वोधार्थ :

१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।
२) श्री नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपुर ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं ।
४) श्री एनआइएमवि एस क्यापिटल लि.
लाजिम्पाट, काठमाण्डौं ।